# विरामीको नमाज

[ **नेपाली -** Nepali - نيبالي ]


**अतीकुर्रहमान मो.इदरीस खान मक्की**



2013 - 1435

IslamHouse.com

# صلاة المريض

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिका ( **विरामीको नमाज**) जुन तपाईहरूको समक्ष पेशगर्ने साहस गरेको छु यो अस्वस्थ भएका सबै मान्छेहरूको स्थिति बमोजिम नमाज पढने तरिका माथि प्रकाश पार्ने छ, साथै विरामी भएका मान्छेहरूको हृदयमा जति पनि दुविधा र असमंजस पाईन्छ त्यसको निवारण पनि गर्ने छ । र विरामीले पवित्रता कसरी प्राप्त गरोस् यो कुरालाई पनि प्रष्ट पार्ने छ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ , र अल्लाह यसबाट सर्वसृष्टिलाई फाईदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाउन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा जति पनि जीवधारीहरू छन् चाहे त्यो मानवहरू हुन् वा दानवहरू, पशु हुन् वा पंक्षी, सबै एकनास अवस्थामा अआफ्ना जीवन व्यतीत गर्न सक्दैनन् । बरु कुनै समय स्वस्थ हुन्छन् त कुनै समय विरामी पनि हुन्छन् । यस संसारमा कुनै पनि जीवधारी छैन जसलाई कष्ट एवं दुःख नहोस् । विरामी त जीवनको अटूट अङ्ग हो कुनै जीवधारी त्यसबाट भाग्न सक्दैन ।

विशेष गरी मनुष्यको जीवनमा त दुःख सुख, गरीबी सम्पन्नता, कष्ट विरामी आदि त आउँदै जाँदै रहन्छ । तर मनुष्य कष्टबाट ब्याकुल भई निराश भइहाल्छ, र भन्न थाल्छ कि हे पालनकर्ता मलाई स्वस्थ गरिदेऊ वा मेरो ज्यान लिई मलाई मृत्यु प्रदान गर ।

तर हे प्रिय भाइहरू ! के तपाईलाई विरामीका लाभहरूको बारेमा थाहा छैन कि अल्लाह तआला विरामीको सट्टामा आफ्ना के के अनुग्रहहरू प्रदान गर्छ । आउनुस् तपाईहरूलाई विरामीबारे केही लाभदायक कुराहरूको ज्ञान गराऔं ।

एउटा हदीसमा अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : जुन सुकै मुसलमानलाई जति पनि कष्ट हुन्छ कुनै विरामीको कारण, त त्यस कष्टको सट्टामा अल्लाह त्यस विरामी मान्छेको पापलाई उस्तै झारी दिन्छन् जस्तो कि रुख आफ्नो पातलाई झारी दिन्छ । ( बुखारी, मुस्लिम )

एउटा आर्को हदीसमा छ :

अर्थ : हजरत उम्मे अला ( अलाकी आमा ) वर्णन गर्छिन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम मेरो घर आउनु भयो यस अवस्थामा कि म विरामी थिएँ , अनि म सित भन्नु भयो : हे उम्मे अला प्रसन्न भई जाऊ, किनकी मुसलमानको विरामी द्वारा अल्लाह उसको पापलाई नष्ट पारिदिन्छन् जस्तो कि आगो सुनको अस्वच्छ र अशुद्ध तथ्यलाई नष्ट पारिदिन्छ। ( अबू दाऊद )

र आर्को हदीसमा छ :

अर्थ : हजरत अबू हुरैरह वर्णन गर्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : मोमिन ( आस्थावान ) पुरुष र महिलाहरू माथि कुनै विपदा आउँदैन चाहे त्यो उनीहरूको शरीर माथि आओस् वा उनीहरूको सम्पत्ति एवं संतान माथि, तर त्यो विपदाको कारण नै त्यो मोमिन अल्लाह सित यस अवस्थामा भेटिन्छ कि त्यस मोमिनका सबै पापहरू अल्लाह द्वारा क्षमा गरिएका हुन्छन्। ( तिर्मिजी, इब्नेमाजा )

उप्रोक्तका हदीसहरूबाट हामीहरूलाई यो ज्ञान मिल्छ कि कुनै विपदा पर्दा हामीलाई हताश हुनुहुन्न, बरु धैर्यताको साथ उत्पन्न भएको परिस्थितिको सामना गर्नु पर्छ, र अल्लाहसित यो आशा राख्नु पर्छ कि अल्लाह हामीलाई यसको राम्रो प्रतिफल देउन्।

साथ साथै यो पनि ज्ञात रहोस् कि यदि तपाईलाई विरामीले न समातेको भए तपाईलाई स्वास्थको महत्व कसरी थाहा हुन्थ्यो, स्वास्थ अल्लाहले प्रदान गरेको सबै भन्दा ठूलो

अनुकम्पा हो । मान्छेको स्वास्थै नभएको भए यो संसार कस कामको, यो जीवन कस कामको । मान्छे स्वस्थ छैन भने अल्लाहको पूजा अराधना पनि पूर्ण रूपले गर्न सक्दैन, र आफ्नो दैनिक कर्तव्यको पनि पालना गर्न सक्दैन, बरु आफ्नो सहायता आफै गर्न सक्दैन । त हे दाजुभाइ आफ्नो स्वास्थलाई अल्लाहको वर्दान मानी उसैको पूजा अराधना स्तुति र गुणगानमा लगाऊ ।

तर यसको साथ साथै इस्लाममा यो पनि भनिएको छ कि यदि मान्छे विरामी नै भयो भने त्यसलाई विरामी हुनुको पनि प्रतिफल दिइन्छ ताकि मुसलमानलाई विरामीमा पनि संतोष होस् कि मेरो पालनहार यत्रो दयावान छ कि मलाई विरामी भएमा पनि पुण्य दिन्छ । अनि फलस्वरूप त्यो मान्छे आफ्नो पालनकर्ताको अपार कृपाको आभास गर्दै त्यस महान शक्तिशाली सर्वगुण सम्पन्न अल्लाहको प्रशंसा गर्दै कृतज्ञता प्रकट गर्छ । र त्यस सर्वलौकिक र सर्वज्ञानी माथि उसको आस्था सुदृढ भई हाल्छ, र त्यस भक्तको ईमानमा अझै वृद्धि हुँदै जान्छ ।

यस्तै इस्लामको विशेषता मध्ये एउटा यो पनि हो कि यदि मान्छे स्वस्थ छैन भने स्वस्थ मान्छे जस्तै पूजा पनि गर्न सक्दैन, अब यस्तो अवस्थामा इस्लामले त्यस व्यक्तिलाई कुनै कष्टमा पार्दैन बरु त्यसको लागि आर्कै निर्देशन छ । अल्लाहको भनाई छ :

अर्थ : तिमी अल्लाह सित जति डराउन सक्छौ त्यति नै डर । ( सूरतुत्तगाबुन १६ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : यदि म तिमीहरूलाई कुनै कार्य गर्ने आदेश दिन्छु भने तिमीहरू त्यस मध्ये जति गर्न सक्छौ त्यति नै गर ।

यसै कारण इस्लाममा स्वस्थ अस्वस्थ बराबर छैनन्, बरु दुवैको लागि निर्देशनहरू पनि भिन्न छन् । तसर्थ म यस सानो लेखमा विरामी मान्छेको लागि जुन निर्देशनहरू छन् त्यसलाई निम्नमा वर्णन गर्दछु ।

# विरामी मान्छेको पवित्रता

अल्लाहको फर्मान छ :

अर्थ : हे मोमिनहरू! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ र यदि तिमी अपवित्र छौ भने स्नान गर र यदि तिमी विरामी छौ वा यात्रामा छौ वा तिमीहरू मध्ये कोही शौचालयबाट (दिशाबाट निवृत भएर) आएको छ वा तिमीले स्वास्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटोलाई स्पर्श गरी हात र मुखको मसह (स्पर्श) गर । अल्लाहले तिमीलाई अप्ठ्यारोमा पार्न चाहँदैन, बरु त्यो तिमीलाई पवित्र गर्न चाहन्छ र आफ्ना असीम कृपा तिमीलाई प्रदान गर्न चाहन्छ जसबाट तिमी कृतज्ञ भई नै रह । ( सूरतुल् माइदः ६ )

विरामीका धेरै अवस्थाहरू हुन्छन्, ती मध्ये प्रख्यात र महत्वपूर्ण अवस्थाहरूमा विरामी पवित्रता कसरी ग्रहण गरोस् यसको विवरण निम्न छन् !

१ - यदि विरामी सामान्य अवस्थामा होस् र पानी प्रयोग गरेमा कुनै हानि नोक्सानीको खतरा नहोस् जसरी ज्वरो, दाँतको पीडा,पेटको पीडा, आँखाको पीडा, आदि यस

अवस्थामा त्यो मान्छेलाई पवित्र जल प्रयोग गरी पवित्रता प्राप्त गर्नु अनिवार्य छ ।

२ - तर यदि मान्छेको विरामी यस्तो अवस्थामा होस् कि पानी प्रयोग गरेमा ज्यान जानुको खतरा होस् अथवा कुनै अङ्गको हानि नोक्सानीको खतरा होस्, जसरी पानी प्रयोग गरेमा उसको कुनै अङ्ग भंग हुन सक्छ वा त्यसलाई कटाउनु पर्छ आदि यस्तो अवस्थामा पानी प्रयोग गर्नु हुन्न बरु त्यो मान्छे पवित्र माटोबाट तयम्मुम गरी पवित्रता प्राप्त गरोस् ।

तयम्मुम : पवित्र माटोलाई हाथबाट स्पर्श गरी आफ्नो अनुहार र हातलाई नाडी सम्म मसह गर्नु ।

३ - यदि विरामी यस्तो होस् कि ज्यानको खतरा त छैन तर विरामीमा वृद्धि हुने सम्भावना छ भने यस अवस्थामा पनि पवित्र माटोबाट तयम्मुम द्वारा पवित्रता प्राप्त गर्न सकिन्छ ।

४ - यदि मान्छेको विरामीको अवस्था यस्तो गम्भीर होस् कि त्यो मान्छे हिलडुल पनि गर्न सक्दैन र कुनै मन्छे पनि छैन जुन उसको सहायता गरोस्, अर्थात त्यसलाई पानी प्रयोग गराओस् भने यस्तो अवस्थामा पनि मान्छे माटोबाट पवित्रता प्राप्त गर्न सक्छ । र यदि माटोबाट पनि पवित्रता प्राप्त गर्ने शक्ति छैन भने त्यो मान्छे जुन अवस्थामा छ त्यसै अवस्थामा नमाज पढनु पर्छ ।

५ - यदि कसैलाई शरीरको कुनै अङ्गमा घाउ लागेको छ वा कुनै अङ्ग भाँचेको छ र त्यस अङ्गमा पानी प्रयोग गर्नु हानिकारक हुनसक्छ वा पानी प्रयोग गर्न सकिदैन जस्तो कि भाँचेको अङ्गमा पलास्टर गरिएको होस्, यस अवस्थामा चोटिल अङ्ग बाहेक अरु अङ्गहरूमा पानी प्रयोग गरोस् र चोटिल वा घायल अङ्गमाथि मसह गरोस् । तर यदि पानी प्रयोग गरेमा विरामीमा वृद्धि हुने भय होस् भने माटोले नै पवित्रता प्राप्त गरोस् ।

६ - यदि मान्छे यस्तो ठाउँमा छ कि त्यहाँ नत पानी मिल्ने सम्भावना छ नत माटो, यस्तो अवस्थामा मान्छे जुन अवस्थामा छ त्यसै अवस्थामा नमाज पढोस् ।

# विरामीको नमाज पढने विधि

समस्त विद्वानहरूको यस कुरामा एकमत छ कि जुन मान्छे उभेर नमाज पढने शक्ति राख्दैन त्यो बसेर नामज पढछ । र यदि बसेर पनि नमाज पढने शक्ति छैन भने दाहिनो करवट भएर नमाज पढोस् । दाहिनो करवट हुन सक्दैन भने पिठ्यू माथि सुतेर नमाज पढोस् ।

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले इमरान बिन हुसैनलाई निर्देश दिंदै भन्नु भयो: उभेर नमाज पढ, तर यदि सामर्थ्य छैन भने बसेर नमाज पढ, यदि यसको पनि शक्ति छैन भने दाहिनो करवट सुतेर नमाज पढ । ( बुखारी ) र नेसाईको रिवायतमा छ कि यदि दाहिनो करवट सुतेर नमाज पढने शक्ति छैन भने पिठ्यू माथि सुतेर नमाज पढ ।

र जुन मान्छे उभिने शक्ति राख्छ तर रुकूअ् र सज्दः गर्नुमा सामर्थ्यवान छैन भने त्यो उभेर नमाज पढोस् र रुकूअ्को लागि अलिकति आफ्नो टाउको निहुरियाओस् र सज्दःको लागि रुकूअ् भन्दा अलि अधिक टाउको निहुरियाओस् ।

र जुन मान्छे आफ्नो टाउकोलाई निहुराउनुमा पनि सक्षम छैन भने त्यो रुकूअ् र सज्दःको नीयत गरी संकेत गर्दै रुकूअ् र सज्दःको दुआ पढेमा पुगिहाल्छ, र त्यसको नमाज भई हाल्छ । किनकि कर्महरूको आधार नीयत माथि नै हुन्छ जसले जस्तो नीयतले कर्म गर्छ सोही अनुसार प्रतिफल र दण्ड

पाउने छ जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सम्पूर्ण कर्महरूको आधार नीयत माथि छ तसर्थ जस मान्छेले जे नीयत गरेको छ सोही पाउने छ। (बुखारी, मुस्मि)

र यदि कुनै मान्छेले नमाज पढ्नु नै बिर्स्यो वा नमाजको समय सुतेको थियो भने निद्राबाट उठे बित्तिकै नमाज कायम गरोस् । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले नमाजको बखतमा सुत्यो वा नमाज पढ्नुलाई बिर्स्यो भने त्यसलाई याद भए पश्चात तरुन्तै नामज पढोस् ।

हे प्रिय भाइहरू ! नमाज कुनै अवस्थामा पनि माफ छैन, जुन सुकै अवस्थामा भए पनि नमाजलाई कायम गर्नुपर्छ । र जसले पनि नमाजलाई जानी बूझीकन् छाड्यो भने त्यो काफिर भयो रसूल रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले पनि जानी बूझी नमाजलाई छाड्यो भने त्यो काफिर भयो । र यस जस्ता थुप्रै हदीसहरू छन् जुन यस कुरालाई प्रमाणित गर्छन् कि नमाज कुनै अवस्थामा पनि माफ छैन, र जसले पनि यसलाई छाड्यो त्यो इस्लामबाट निस्की हाल्यो । र इब्ने बाज र उनी जस्ता अरु धर्मगुरु एवं विद्वानहरूको यो कथन छ कि यदि नमाज नपढ्ने मान्छेको मृत्यु हुन्छ भने त्यसको जनाजाको नमाज पढ्नु हुँदैन नत

त्यसलाई मुसलमानहरूको कब्रस्तानमा दफनाइन्छ बरु त्यसलाई कतै लगेर फालिदिनु नै उत्तम छ ।

यस कुराबाट यो प्रष्ट हुन्छ कि नमाज छाड्नु जघन्य अपराध हो, त हामीलाई यस्तो अपराधलाई गर्नुबाट डर मान्नु पर्छ ।

हे प्रिय भाइहरू ! नमाज इस्लामको एउटा महत्वपूर्ण स्तम्भ हो, यसलाई कायम गरी आफ्नो पालनकर्तालाई प्रसन्न गर्ने प्रयत्न गर । र आफ्नो विरामीको प्रतिफलको अभिलाशी बन, र आफ्नो विरामीलाई एउटा परीक्षा समझी त्यसको विनम्रता पूर्वक स्वागत गरी आफनो परम् पूज्यको अनुशरण गर्नुमा सुदृढ रह । र यादराख कि अल्लाह आफ्ना सबै भक्तहरूको परीक्षा लिन्छ, कसैलाई विरामी दिएर त कसैलाई स्वास्थ दिएर, त कसैलाई गरीबी दिएर त कसैलाई सम्पन्नता दिएर । र यो पनि यादराख कि जसको आस्था जति दृढ हुन्छ त्यसको परीक्षा त्यति नै कठिन हुन्छ ।

त हे प्रिय भाइहरू ! विरामीबाट भयभित नहोऊ, यसलाई अल्लाहको अनुकम्पा बुझी विरामी भएको अवस्थामा आफ्नो पालनहार समक्ष रोएर विन्ती गर, र आफ्ना पापहरूको क्षमायाचना गर कदाचित तिम्रो विन्ती स्वीकार गरियोस्, र तिमीलाई स्वर्गमा बासस्थान मिलोस् ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई हाम्रो परीक्षामा सफल पारुन्, र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् , र हाम्रा निःसंतान दाजुभाइ र

दिदिबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254